# नौकुण्ड गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सरमथली, रसुवा, बागमती प्रदेश, नेपाल

प.सं.: २०७८/०७९

च.नं.:

मितिः २०७८/०५/१८

## व्यक्तिगत घटना अनलाइन दर्ताबारे सूचना !!!

नेपाल सरकार गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले देशभर व्यक्तिगत घटना दर्तालाई अनलाइन बनाउने सन्दर्भमा यस नौकुण्ड गाउँपालिका, कार्यपालिकाको कार्यालयले व्यक्तिगत घटना (जन्म, मृत्यु, बसाइसराई, विवाह र सम्वन्ध बिच्छेद) अनलाइन दर्ता गरिरहेको सबैमा अवगत नै छ । यस प्रविधिको प्रयोगबाट सर्वसाधारणले घरैमा बसी अंनलाइन व्यक्तिगत घटना दर्ता फारम भर्न सकिनेछ । फारम भर्दा प्राप्त टोकन नम्वर र आवश्यक कागजात लिएर सम्बन्धित वडा कार्यालयबाट सहजै प्रमाणपत्र लिन सकिनेछ ।

**फारम भर्ने तरिकाहरुः**

१. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको वेबसाइट : www.public.docr.gov.np मा गएर अनलाईन घटना दर्ता (निवेदन) मा क्लिक गर्नुहोला ।

**अथवा**

एन्ड्रोइड मोबाइल फोनको **Google Play store** मा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मोबाइल एप **DOCR** टाइप गरी **DOCR** एप डाउनलोड गरी अनलाइन घटना दर्तामा क्लिक गर्नुहोला ।

२. पेज खुलेपछि "नयाँ थप्नुहोस्" मा क्लिक गर्नुहोस र फारम भर्नुहोस ।

३. फारम भरिसकेपछि अन्तमा मोबाइल नं. हालेर पेश गर्नुहोस ।

४. पेश भइसकेपछि स्क्रिनमा र दिइएको मोबाइल नं. मा टोकन नं. आउँछ ।

५. उक्त टोकन नं. र आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालयमा ३० दिनभित्र सम्पर्क गर्नुपर्नेछ । ३० दिनपछि उक्त टोकन कामलाग्ने छैन र नयाँ फारम भर्नुपर्नेछ ।

**नोट :**

१. व्यक्तिगत घटना (जन्म, मृत्यु, बसाइसराई, विवाह र सम्वन्ध बिच्छेद) दर्ता गर्दा घटना दर्ता फारम अनिवार्य भर्नुपर्नेछ ।

२. फारम भर्नको लागि **Firefox Browser** को प्रयोग गर्दा उचित हुन्छ ।

***व्यक्तिगत घटना घटेको ३५ दिनभित्र घटना दर्ता गरी जरिवानाबाट बचौं ।***

नेत्रराज गिरी

प्रमुख प्रशासकीय अधिकृत